# <u>प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक, २०७७</u>

<u>**प्रस्तावना**</u> : बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्न तथा बालबालिकाको हक हितको संरक्षण गरी बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासको लागि समयानुकुल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम, विस्तार र प्रारम्भ**</u>: (१) यस ऐनको नाम "प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा**</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"असहाय, अनाथ र अपांगता भएका बालबालिका, द्वन्द्व पीडित सडक बालबालिका"** भन्नाले प्रचलित कानून बमोजिमका असहाय, अनाथ र अपांगता भएका बालबालिका सम्झनुपर्दछ ।

(ख) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ग) **"निर्देशक"** भन्नाले दफा ३३ बमोजिम तोकिएको अधिकारी सम्झनुपर्छ ।

(घ) **"परिवार"** भन्नाले बालबालिकाका बाबु, आमा, दाजु, भाइ वा अविवाहिता दिदी, बहिनी, हजुर बुबा, हजुर आमा सम्झनुपर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई सम्झनुपर्छ ।

(ङ) "बाल अदालत" भन्नाले संघीय बाल अधिकार ऐन बमोजिम गठन भएको बाल अदालत सम्झनुपर्छ र सो शब्दले सोही ऐन बमोजिमको बाल इजलासलाई समेत जनाउँछ ।

(च) **"प्रदेश"** भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनुपर्छ ।

(छ) **"बाल अश्लीलता"** भन्नाले बालबालिकाको यौन अङ्ग देखिने गरी वा निजलाई काल्पनिक यौन क्रियाकलापमा संलग्न गराई भिडियो वा तस्वीर खिच्ने वा उतार्ने, पत्रपत्रिका, पोष्टर, छापा, चलचित्र वा अन्य सञ्चार माध्यमबाट अश्लील चित्र प्रदर्शन गर्ने गराउने कार्य सम्झनुपर्छ र सो शब्दले त्यस्ता सामग्रीको उत्पादन, बिक्री वितरण, आयात निर्यात, सङ्कलन वा प्रचार प्रसार गर्ने गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) **"बाल कल्याण अधिकारी"** भन्नाले संघीय कानून बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्छ ।

(झ) **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ ।

(ञ) **"बालबालिका बिरुद्धको हिंसा"** भन्नाले दफा ४१ बमोजिमको कार्य सम्झनुपर्छ ।

(ट) **"बाल संरक्षण समिति"** भन्नाले स्थानीय तहको वडास्तरमा गठन गरिने बाल संरक्षण समिति सम्झनुपर्छ ।

(ठ) **"बालगृह"** भन्नाले अनाथ बालबालिका संरक्षणका लागि स्थापना भएको बालगृह सम्झनुपर्छ।

(ड) **"बाल यौन दुर्व्यवहार"** भन्नाले दफा ४२ बमोजिमको कार्य सम्झनुपर्छ ।

(ढ) **"मन्त्रालय"** भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ ।

(ण) **"विशेष संरक्षणको आवश्यकता भएका बालबालिका"** भन्नाले दफा २० बमोजिमका बालबालिका सम्झनुपर्छ ।

(त) **"वैकल्पिक हेरचाह"** भन्नाले दफा २० बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हेरचाह तथा संरक्षण गर्नु सम्झनुपर्छ ।

(थ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका सम्झनुपर्छ ।

(द) **"समिति"** भन्नाले दफा ३१ बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनुपर्छ।

(ध) **"संरक्षक"** भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्न यस ऐन वा प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले संरक्षक नभएको अवस्थामा माथवर व्यक्तिलाई समेत जनाउँछ ।

(न) **"सामाजिक कार्यकर्ता"** भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्ने उद्देश्यले स्थानीय तह समक्ष सामाजिक कार्यकर्ताको रुपमा सूचीकृत भएको व्यक्ति सम्झनुपर्छ ।

## परिच्छेद–२

## बालबालिकाको अधिकार

३. **बाँच्न पाउने अधिकारः** (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ। प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार, व्यक्तित्व विकास, हुनसक्ने आकस्मिक दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अबलम्वन गर्नेछन् ।

४. **नाम, राष्ट्रियता र पहिचानको अधिकारः** (१) प्रत्येक बालबालिकालाई आफ्नो नाम, राष्ट्रियता र पारिवारिक सम्बन्धको आधारमा पहिचानसँगै जन्मदर्ताको अधिकार हुनेछ ।

(२) बालबालिका जन्मेपछि निजको बाबु वा आमाले आफ्नो धर्म, संस्कृति, चलन वा परम्परा अनुसार बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नुपर्नेछ ।

(३) जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालवालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नाम राख्दा बाबु वा आमा तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुनसक्ने सम्भावना नरहेमा त्यस्ता बालबालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमोजिमको नाम पाउनेछ ।

(५) प्रत्येक बालवालिकाले जन्मेपछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउनेछ ।

(७) पितृत्वको ठेगान नलागेका बालबालिकाले आफ्नो नाम पछाडी आमाको थर प्रयोग गर्न पाउनेछ ।

(८) कुनै बालबालिकाको थरको सम्बन्धमा विवाद उठेकोमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले बाबुको थर प्रयोग गरेको मानिनेछ ।

(९) बाबु र आमा दुवै नभएका वा दुवैको ठेगान नलागेका बालबालिकाले परिवारका अन्य सदस्य वा संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ ।

(१०) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न पाइने छैन ।

५. **<u>भेदभाव बिरुद्धको अधिकार</u>**: (१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव गर्न पाइने छैन ।

(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्य उपचारमा छोरा र छोरी, छोरा-छोरा वा छोरी-छोरी बीच कुनै भेदभाव गर्न पाइने छैन ।

(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

(४) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनुअघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरुबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्य उपचारमा कुनै भेदभाव गर्न पाइने छैन ।

६. **<u>बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार</u>**: (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु आमाबाट भिन्न वा अलग गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ ।

तर त्यसरी आदेश दिनुअघि बालबालिकाको इन्छा अनुसार सनुवाईको मौका दिनु पर्नेछ ।

(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबु आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रुपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने, टेलिफोन गर्ने, पत्राचार गर्ने वा विद्युतीय सञ्चार माध्यमबाट सम्पर्क गर्ने अधिकार हुनेछ ।

(४) बाबुआमा बाहेक कुनै माथवर व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्मदिने बाबु आमा वा परिवारसँग भेटघाट, टेलिफोन, पत्राचार तथा विद्युतीय सञ्चार माध्यमबाट सम्पर्क गर्न दिनुपर्नेछ ।

७. **<u>संरक्षणको अधिकार</u>**: (१) प्रत्येक बालबालिकालाई आफ्नो बावु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालन पोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालन पोषण गर्ने सम्बन्धमा बाबु आमाको समान दायित्व हुनेछ । बाबु आमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालन पोषणको खर्च आर्थिक क्षमता अनुसार बाबु आमा दुवैले व्यहोर्नु पर्नेछ ।

(३) कुनै पनि बावु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोरा, छोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई वेवारिसे अवस्थामा छोड्न वा त्याग्न पाउने छैन ।

(४) प्रत्येक बालबालिकालाई प्रदेश सरकार र स्थानीय तहबाट उचित संरक्षण पाउने अधिकार हुनेछ ।

(५) अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि प्रदेश सरकार र स्थानीय तहबाट विशेष संरक्षण पाउने अधिकार हुनेछ ।

(६) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।

(७) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरुको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनैपनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ ।

(८) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सशस्त्र द्वन्द वा राजनीतिक उद्देश्य प्राप्तिको लागि प्रयोग गर्न पाइने छैन ।

(९) कसैले पनि सशस्त्र द्वन्द वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान वा बालगृह लगायतका सुविधामा आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन पाइने छैन ।

(१०) बालबालिकालाई घरेलु कामदार, कमलरी वा यस्तै अन्य प्रकारले श्रम शोषण हुने कार्यमा प्रयोग गर्न पाइने छैन ।

(११) प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरुको अवलम्बन गर्न मापदण्ड बनाई लागू गर्नु पर्नेछ ।

८. **<u>सहभागिताको अधिकार:</u>** (१)आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई उचित स्थान दिनु पर्नेछ ।

(३) बाल सहभागिता प्रवर्द्धनका लागि प्रदेश सरकार र स्थानीय तहले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

९. **<u>अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार</u>**: (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ ।

१०. **<u>संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार</u>**: (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि बालबालिकाले आफू अध्ययनरत विद्यालयमा वा स्थानीय तहको सम्बन्धित वडा समितिको कार्यालयमा बालक्लब वा संस्था दर्ता गराउन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम बाल क्लब वा संस्था खोल्दा विद्यालयको हकमा सम्बन्धित विद्यालयको शिक्षकको र स्थानीय तहको वडा समितिको कार्यालयको हकमा बालबालिकाको बाबु, आमा वा संरक्षकको सहयोगमा बालक्लब वा संस्था दर्ता गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम बाल क्लब वा संस्था दर्ता गर्ने सम्बन्धी अन्य प्रक्रिया विद्यालयमा गरिने दर्ताको हकमा सम्बन्धित विद्यालय र स्थानीय तहको सम्बन्धित वडा समितिको कार्यालयमा गरिने दर्ताको हकमा सम्बन्धित स्थानीय कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) बालक्लव गठन तथा दर्ता गर्ने कार्य निशुल्क हुनेछ ।

(६) स्थानीय तहले प्राथमिकतामा राखी अनिवार्य रुपमा बाल सहभागिता प्रवर्द्धन गर्नुपर्नेछ ।

(७) बालक्लब र बालबालिका सम्बन्धी काम गर्ने संस्थाहरु बालबालिकाको सर्वोत्तम हितमा केन्द्रित भएर सक्रिय रहनु पर्नेछ ।

११. **गोपनीयताको अधिकार**: (१) प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुनेछ ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियो, सृजना, सूचना सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन, बिक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न वा गराउन पाइने छैन ।

(३) बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नामथर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारवाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नुपर्नेछ । यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गर्न पाइने छैन ।

तर कुनै अध्ययन वा शोधकार्यका लागि प्रकाशित गर्नुपरेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिनेछ ।

१२. **अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार**: (१) अपाङ्गता भएका प्रत्येक बालबालिका लाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालीम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ ।

(४) प्रदेश सरकार र स्थानीय तहले अपाङ्गता भएका बालबालिकालाई अपाङ्गताको प्रकार अनुरूपका सहयोगी सामग्री एवं शैक्षिक सामग्री प्रदान गर्ने र आवश्यकता अनुसार ब्रेललिपि, साङ्केतिक भाषा वा अन्य कुनै माध्यमबाट शिक्षा उपलब्ध गराउनु पर्नेछ ।

१३. **पोषण तथा स्वास्थ्यको अधिकार**: (१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई स्वच्छ वातावरणमा बाँच्ने अधिकार हुनेछ ।

(३) गर्भवती महिला र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ ।

(४) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वास्थ्य उपचारको अधिकार हुनेछ ।

१४. **खेलकूद, मनोरञ्जन तथा साँस्कृतिक अधिकार:** (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ ।

(२) बाबुआमाले बालबालिकाको उमेर अनुसार आफ्नो निवासभित्र वा बाहिर खेल खेल्न वा खेलकूदमा सहभागी हुन उपयुक्त बातावरणको व्यवस्था गर्नु पर्नेछ ।

(३) प्रत्येक विद्यालयले पठनपाठन बाहेकको समयमा बालबालिकालाई खेलकूदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकूद स्थल र खेलकूद सामग्रीको व्यवस्था गर्नुपर्ने छ ।

(४) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रुची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ ।

(५) प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ ।

१५. **शिक्षाको अधिकार**: (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।

(२) छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यमबाट मनोरञ्जनयुक्त वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बालविकासको अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ ।

(४) असहाय, अनाथ, अपाङ्गता, द्वन्द पीडित भएका तथा जोखिममा रहेका बालबालिकालाई प्रदेश सरकार र स्थानीय तहबाट माध्यमिक तहसम्म निःशुल्क आवासीय शिक्षा वा छात्रवृत्तिको व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-३

## बालबालिका प्रतिको दायित्व

१६. **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने:** (१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा वा भौतिक संरचना निमार्ण गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बाल मैत्री प्रक्रिया अपनाउनु पर्नेछ ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ ।

१७. **परिवार वा संरक्षकको दायित्व**: (१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुनेछ ।

(२) बालबालिकालाई हेरचाह, पालन पोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ ।

(३) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ।

(४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउन पाइने छैन ।

(५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन पाइने छैन ।

१८. **प्रदेश सरकार र स्थानीय तहको दायित्व**: (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु प्रदेश सरकार र स्थानीय तहको दायित्व हुनेछ ।

(२) भौगोलिक विकटता, आर्थिक वा सामाजिक कारण, अपाङ्गता वा अन्य कुनै कारणले पछाडि परेका बालबालिकाको समग्र विकासको लागि प्रदेश सरकार र स्थानीय तहले आवासीय विद्यालय सञ्चालन गर्नु पर्नेछ ।

(३) बालबालिकाको हकहितको संरक्षण र प्रवर्द्धन गर्न तथा बालबालिकाको अधिकारको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकार र स्थानीय तहले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(४) तोकिएको वर्ग, समुदाय तथा क्षेत्रका बालबालिकाको लागि आवश्यकतानुसार विशेष शिक्षा, दूर शिक्षा र व्यावसायिक शिक्षा लगायत शिक्षा सम्बन्धी अन्य उपयुक्त व्यवस्था प्रदेश सरकार र स्थानीय तहले मिलाउनु पर्नेछ ।

१९. **सञ्चार क्षेत्रको दायित्व**: बालअधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ ।

## परिच्छेद-४

## बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना

२०. **विशेष संरक्षणको आवश्यकता भएका बालबालिका**: (१) देहायका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिनेछन् :-

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबु आमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबु आमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिका मध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालन पोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम् हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धुम्रपान, मद्यपान एवं अन्य लागू औषधको कूलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबु आमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेका वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) बालबालिका बिरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबु आमा दुवै वा आमाबाबु मध्ये एक गुमाएका वा शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) बालबालिका विरुद्धको कसूरवाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ड) विपन्न समुदायका बालबालिका,

(ढ) प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश सरकारले विशेष संरक्षणको लागि तोकिएका अन्य बालबालिका,

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सेवा तथा सहयोग तोकिए बमोजिम हुनेछ ।

२१. **<u>वैकल्पिक हेरचाहको व्यवस्था</u>**: (१) दफा २० को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछ।

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई प्रदेश सरकार तथा स्थानीय तहले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउँदा देहायको आधारमा प्राथमिकता दिई व्यवस्थापन गर्नुपर्नेछ:-

(क) बालबालिकाको बाबु वा आमा तर्फको नातेदारहरु मध्येमा नजिकको नातेदार,

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक व्यक्ति वा परिवार,

(ग) बालबालिकालाई हेरचाह गर्ने संस्था,

(घ) बालगृह,

(३) अनाथ बालबालिका पन्ध्र वर्ष भन्दा माथिको भएमा र उक्त बालबालिका आफैं बसोबास गर्न सक्ने देखिएमा स्थानीय तहले संरक्षक तोकी बालबालिकालाई स्वतन्त्र बसोबासको व्यवस्था मिलाउन सक्नेछ ।

(४) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थालाई सहयोग आवश्यक भएमा प्रदेश सरकार र स्थानीय तहले तोकिए बमोजिम निश्चित मापदण्ड बनाई आर्थिक सहयोगको व्यवस्था गर्न सक्नेछ ।

(५) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको बाबु आमा तथा बालबालिकाको सम्पत्ति पत्ता लगाउन स्थानीय तह, संरक्षक, बालगृहले निरन्तर प्रयास गर्नुपर्नेछ ।

(६) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको पैतृक सम्पत्तिको संरक्षणको दायित्व स्थानीय तहको हुनेछ ।

(७) वैकल्पिक हेरचाह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **<u>बालबालिकाको संरक्षण:</u>** (१) कुनै ठाउँमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका रहे भएको थाहा पाउने व्यक्तिले सो कुराको सूचना स्थानीय तह तथा अन्य सरोकारवाला निकायलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएमा स्थानीय तह तथा सरोकारवाला निकायले बालबालिकालाई संरक्षणमा राख्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त सूचनाको आधारमा स्थानीय तहले जाँचबुझ तथा छानबिन गरी आवश्यक सेवाको व्यवस्था गर्न सक्नेछ ।

(४) स्थानीय तहले उपदफा (३) बमोजिमको आवश्यक सेवा प्रदान गर्न सामाजिक कार्यकर्तालाई जिम्मेवारी दिन सक्नेछ ।

(५) विशेष संरक्षण गर्न आवश्यक नदेखिएमा र निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक फेला परेमा स्थानीय तहले त्यस्तो बालबालिकालाई निजको जिम्मा लगाउनु पर्नेछ ।

(६) विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बालबालिका बिरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम निर्माण गरिएको बाल संरक्षण मापदण्ड कार्यान्वयन गर्नु विद्यालय, प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाको प्रमुखको दायित्व हुनेछ ।

(८) बालबालिकाको संरक्षणका लागि प्रदेश सरकार तथा स्थानीय तहले उपयुक्त कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

२३. **<u>संरक्षक नियुक्त गर्ने वा तोक्ने:</u>** स्थानीय तहले दफा २१ बमोजिम वैकल्पिक हेरचाहको सेवा प्रदान गर्दा प्रचलित कानून बमोजिम संरक्षक नियुक्त गरी वा तोकी हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

२४. **<u>बाल गृहको स्थापना तथा सञ्चालन:</u>** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार बालगृहको स्थापना गर्न सक्नेछन् ।

(२) उपदफा (१) को प्रयोजनको लागि कुनै व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम स्वीकृति लिई बालगृह सञ्चालन गर्न सक्नेछ ।

तर बालबालिका बिरुद्धको हिंसा वा बालयौन दुर्व्यवहार वा आर्थिक अपचलन वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएका व्यक्ति वा संस्थाले बाल गृह सञ्चालन गर्न पाउने छैन ।

(३) उपदफा (२) बमोजिम स्थापना भएको बाल गृहलाई प्रदेश सरकार वा स्थानीय तहले आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(४) बालगृहले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य स्थिति, उमेर तथा लैङ्गिक आधारमा बालबालिकालाई उपयुक्त सेवा तथा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(५) कसैलेपनि प्रचलित ऐन बमोजिम स्वीकृति नलिई बाल गृह सञ्चालन गर्न वा बालगृहमा बालबालिका राख्न पाइने छैन ।

(६) बालगृहले सम्बन्धित बालगृहमा रहेका बालबालिकाको प्रतिवेदन तोकिए बमोजिम सम्बन्धित मन्त्रालय वा स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

(७) बालगृहको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **<u>बालगृहमा रहने अवधिः</u>** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उपयुक्त पुर्नःस्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार वर्ष नपुगेसम्म निजलाई बालगृहमा राखिने छ ।

२६. **<u>पुनर्मिलन गराउनु पर्ने</u>**: (१) बालगृहमा रहेका बालबालिकाको बाबु आमा वा अभिभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा तोकिए बमोजिम पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ ।

२७ **<u>पुनःस्थापना तथा सामाजिक पुनःएकीकरण सम्बन्धी दायित्व</u>**: (१) बालगृह वा बालसुधार गृहमा रहेका बालबालिकाको पुनःस्थापना तथा सामाजिक पुनःएकीकरण गर्ने सम्बन्धमा मन्त्रालय र स्थानीय तहलाई सहयोग गर्ने दायित्व सम्बन्धित बालगृह वा बालसुधार गृहको हुनेछ ।

२८. **<u>संस्थाको प्रमुख जिम्मेवार हुने</u>**: (१) यस परिच्छेद बमोजिम कुनै संस्थाले संरक्षकको जिम्मेवारी पाएको भएमा त्यस्तो संस्थाको प्रमुख बालबालिकाको हेरचाह तथा पालन पोषणको लागि अन्तिम जिम्मेवार मानिनेछ ।

(२) संरक्षकको जिम्मेवारी पाएको संस्थाले तोकिएको शर्त र प्रकृया विपरीत कार्य गरेमा त्यस्तो संस्थालाई वाल कल्याण अधिकारीले कुन शर्त उल्लंघन गरेको हो सो समेत खुलाई बालबालिकाको संरक्षण कार्य गर्न रोक लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रोक लगाईएको संस्थाले अपेक्षित सुधार गरेको कुरा अनुगमनबाट पुष्टि भएमा बाल कल्याण अधिकारीले उक्त संस्थालाई बाल संरक्षण कार्यमा लगाएको रोक फुकुवा गर्न सक्नेछ ।

**<u>स्पष्टिकरणः</u>** यस दफाको प्रयोजनको लागि “संस्था प्रमुख भन्नाले संस्थाको प्रमुख कार्यकारी अधिकृत वा सो हैसियतमा काम गर्ने अध्यक्ष, प्रबन्ध निर्देशक वा संस्थाको नियमानुसार तोकिएको अन्य कुनै अधिकृत सम्झनुपर्छ” ।

२९. **<u>संरक्षण गृह सम्बन्धी व्यवस्थाः</u>** (१) बालगृहमा रहेका कुनै बालबालिकालाई अठार वर्ष उमेर पूरा गरिसकेपछि पनि विशेष संरक्षण गर्न आवश्यक देखिएमा त्यस्ता व्यक्तिलाई संरक्षण गर्ने प्रयोजनको लागि प्रदेश सरकार र स्थानीय तहले आवश्यकता अनुसार संरक्षण गृह स्थापना गर्न सक्नेछ ।

(२) संरक्षण गृहको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. **<u>अनुगमन तथा प्रतिवेदन</u>**: (१) यस विधेयक बमोजिम बालबालिकाको हेरचाह र पालन पोषण गर्न जिम्मा लिएका व्यक्ति, संरक्षक वा संस्थाले बालबालिका सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित स्थानीय तहको बालअधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बालअधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रुपमा प्रदेशस्तरको बालअधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) बालबालिकालाई अस्थायी संरक्षण सेवा र वैकल्पिक हेरचाह गर्ने व्यक्ति, परिवार वा संस्था र उनीहरूले प्रदान गरेको सेवाको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन र मूल्याङ्कन गर्ने गराउने तथा सेवाको सम्बन्धमा आवश्यक निर्देशन दिने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुनेछ ।

(४) प्रदेश बाल अधिकार समितिले प्रदेशभित्रका तथा स्थानीय बाल अधिकार समितिले स्थानीय तहभित्रका बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा आवधिक रुपमा निरीक्षण र अनुगमन गर्नेछ ।

## परिच्छेद-५

## बाल अधिकार समिति तथा बाल कल्याण अधिकारी सम्बन्धी संस्थागत व्यवस्था

३१. **प्रदेश बाल अधिकार समितिः** (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्धन गर्न सामाजिक विकास मन्त्रीको अध्यक्षतामा बालबालिकाको क्षेत्रमा क्रियाशिल नागरिक समाज समेतको सहभागितामा देहाय बमोजिम पदाधिकारी रहेको प्रदेश बालअधिकार समिति रहने छ,

| | |
|---|---|
| (१) मन्त्री, समाजिक विकास मन्त्रालय | - अध्यक्ष |
| (२) राज्यमन्त्री | - सदस्य |
| (३) सहायकमन्त्री | - सदस्य |
| (४) प्रदेश मुख्य न्यायाधिवक्ता | - सदस्य |
| (५) सचिव, समाजिक विकास मन्त्रालय | - सदस्य |
| (६) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (७) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (८) प्रदेश नीति तथा योजना आयोग सम्बन्धी क्षेत्र हर्ने | - सदस्य |
| (९) प्रमुख, प्रदेश प्रहरी | - सदस्य |
| (१०) प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यालय | - सदस्य |
| (११) प्रदेश अध्यक्ष, पत्रकार महासंघ | - सदस्य |
| (१२) स्वास्थ्य निर्देशक, स्वास्थ्य निर्देशनालय | - सदस्य |
| (१३) अध्यक्षले तोकेका समावेशी आधार रहने गरी बालबालिकाको क्षेत्रमा काम गर्ने नागरिक समाज वा गैससका प्रतिनिधि मध्येबाट दुई महिला समेत तीन जना | - सदस्य |
| (१४) प्रदेश अध्यक्ष, उद्योग बाणिज्य महासंघ | - सदस्य |
| (१५) अध्यक्ष, प्रदेश शिक्षक महासँघ | - सदस्य |
| (१६) प्रमुख, महिला तथा बालबालिका सेवाकेन्द्र (प्रदेश प्रहरी) | - सदस्य |
| (१७) नेपाल रेडक्रस प्रदेश सभापति वा प्रदेश प्रमुख | - सदस्य |
| (१८) अधिवक्ता (एकजना महिला सहित) दुई जना | - सदस्य |
| (१९) अध्यक्ष, प्रदेश स्तरिय बाल संजाल | - सदस्य |
| (२०) सामाजिक बिकास महाशाखा प्रमुख, समाजिक विकास मन्त्रालय | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमका प्रदेश बालअधिकार समितिको बैठक सम्बन्धी कार्यविधि प्रदेश बालअधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३२. **प्रदेश बाल अधिकार समितिको मुख्य कार्यहरु देहाय बमोजिम रहने छन्ः**

(१) संघ र प्रदेश सरकारको मार्गदर्शनको आधारमा राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यता अनुरुप बालबालिकाको हकहितको संरक्षण तथा शारीरिक र मानसिक विकासका लागि प्रादेशिक स्तरमा बालबालिका सम्बन्धी नीति, कानून, योजना र कार्यक्रम तर्जुमा गर्न आवश्यक पहल, सहजीकरण र समन्वय गर्ने ।

(२) बाल अधिकार र बाल संरक्षण सहित बाल बालिकाको हक हितको लागि विभिन्न विकासका साझेदार संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने ।

(३) बालअधिकार र बाल संरक्षण विरुद्ध हुने विविध खाले हिंसा, शोषण र दुर्व्यवहार न्यूनीकरणका लागि जनचेतना मुलक कार्यक्रम संचालन गर्नुका साथै विभिन्न तहका सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

(४) गाउँ तथा नगरपालिकामा र समुदाय स्तरमा बाल अधिकारको सवाल उजागर गर्न र बालसंरक्षण गर्न समन्वयात्मक कार्यका साथै गाउँ/नगर बाल अधिकार समितिलाई आवश्यक मार्गदर्शन दिने, कार्यक्रम सञ्चालन गर्न सहयोग र सहजीकरण गर्ने ।

(५) बालबालिका सम्बन्धी प्रादेशिक स्तरको सूचना व्यवस्थापन, अभिलेखिकरण तथा प्रतिबेदन तयारी र सार्वजनिक गर्ने ।

(६) बालगृह अनुगमन र सहजीकरण, कठीन परिस्थितिका बालबालिकाको उद्दार, पुनःस्थापना र पारिवारिक पुन:एकीकरण गर्नमा सम्बधित निकायसंग समन्वय गर्ने,

(७) प्रदेश बालकोष सञ्चालन गर्ने साथै स्थानीय बालकोष संचालनका लागि आवश्यक सहयोग प्रदान गर्ने ।

(८) विपद् तथा आपतकालीन समयमा बाल संरक्षण सम्बन्धी कार्यको आवश्यक समन्वय गर्ने ।

(९) बालबालिका सम्बन्धी कार्य गर्ने सरकारी निकाय, संस्था, विकासका साझेदार संस्थाहरु, नागरिक समाज र विज्ञहरु बीच बालबालिकाको संरक्षण, विकास सम्बन्धी समन्वय र सहकार्य गर्ने,

(१०) बालबालिका सम्वन्धी घटनाहरुको तत्काल सम्बोधन गर्ने सम्वन्धमा आवश्यक मापदण्ड तर्जुमा गर्ने ।

(११) बालबालिका सम्बन्धी विविध विषयमा प्रदेशस्तरका अध्ययन, अनुसन्धान गर्ने, गराउने ।

(१२) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

३३. **बाल अधिकार निर्देशक**ः (१) प्रदेशस्तरमा बाल अधिकार तथा बाल संरक्षणका विषयका बाल अधिकार निर्देशकले प्रमुख व्यक्तिको रुपमा काम गर्नेछ । प्रदेश सरकार तथा स्थानीय सरकारलाई बाल अधिकार सम्वन्धी कानून, नीति, योजना, कार्यक्रम संचालन, अनुगमन तथा मुल्यांकन गर्न आवश्यक सहजिकरणका साथै बालबालिकाहरुको संरक्षणको उपयुक्त व्यवस्थापन गर्नु निजको प्रमुख दायित्व हुनेछ।

(२) बाल अधिकार निर्देशकले प्रदेशस्तरमा बालबालिकाको स्थिति बारे मन्त्रालयमार्फत प्रदेश सरकार समक्ष बार्षिक प्रतिबेदन पेश गर्नुपर्नेछ । प्रदेश सरकारले सो प्रतिवेदन संघीय सरकार समक्ष पेश गर्नुपर्नेछ ।

(३) प्रदेश सरकारले कम्तिमा राजपत्रांकित द्वितीय श्रेणी वा सो सरहको अधिकृतलाई बाल अधिकार निर्देशक नियुक्त गर्नेछ ।

(४) बाल अधिकार निर्देशकको काम, कर्तव्य, अधिकार र सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **स्थानीय बाल अधिकार समिति**ः (१) प्रत्येक स्थानीय तहमा गाउँकार्यपालिका वा नगरकार्यपालिकाको अध्यक्ष वा प्रमुखले तोकेको त्यस्तो गाउँकार्यपालिका वा नगरकार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानीय वाल अधिकार समितिमा रहने सदस्य संख्या र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको बाल अधिकार समितिले समुदाय स्तरमा बाल अधिकारको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्न स्थानीय तहको समन्वयमा वडास्तरमा, समुदायमा, विद्यालयहरुमा बाल संरक्षण समिति गठन गर्न सक्नेछ। यस कार्यका लागि बाल क्लव, विद्यार्थी शिक्षक, अभिभावक, संघसंस्थाहरुलाई स्थानीय तहले सहजिकरण गर्न सक्नेछ। सामुदयिक बाल संरक्षण समितिहरुको काम कर्तव्य र अधिकार सम्बन्धित स्थानीय तहले तोके बमोजिम हुनेछ ।

३५. **<u>जिल्ला बाल अधिकार समिति</u>**: (१) प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षतामा जिल्ला बाल अधिकार समिति रहने ।

(२) उपदफा (१) बमोजिमको जिल्ला बाल अधिकार समितिको सदस्यको संख्या र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३६. **<u>बाल कल्याण अधिकारी</u>**ः बाल कल्याण अधिकारी सम्बन्धी व्यवस्था संघीय ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

तर संघीय ऐन बमोजिम बालकल्याण अधिकारीको नियुक्ति नभएसम्म स्थानीय तहमा कार्यरत राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको अधिकृत कर्मचारीलाई स्थानीय तहले बालकल्याण अधिकारी तोक्नुपर्नेछ ।

३७. **<u>सामाजिक कार्यकर्ता तथा बालमनोविज्ञ</u>**: (१) सामाजिक कार्यकर्ता वा बालमनोविज्ञको रुपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष तोकिए बमोजिम आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीमा रहेका सामाजिक कार्यकर्ता मध्येबाट स्थानीय तहमा बालसंरक्षण सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नको लागि आवश्यक संख्यामा सामाजिक कार्यकर्ता नियुक्त गर्न सकिनेछ ।

(३) सामाजिक कार्यकर्ताको नियुक्ति प्रक्रिया, योग्यता, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था स्थानीय तहले तोके बमोजिम हुनेछ ।

३८. **<u>बालकोष</u>**: (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि प्रदेश तहमा एक बालकोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) संघीय सरकारको अनुमतिमा वैदेशिक सहायता, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम प्रदेश सरकारले निश्चित मापदण्ड बनाई स्थानीय तहको बालकोषलाई समेत उपलब्ध गराउन सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग प्रदेश बाल अधिकार समितिले गर्नेछ ।

## परिच्छेद-६

## बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन

३९. **स्थानीय तहले बालबालिकाको अधिकार प्रचलन गराउनेः** (१) कसैले परिच्छेद-२ बमोजिमको बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद-३ बमोजिम बालबालिका प्रतिको दायित्व पुरा नगरेको भनी उजुरी परेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित बालवालिका वा सरोकारवालाले बालबालिका रहे बसेको स्थानीय तहको न्यायिक समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा न्यायिक समितिले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र सम्बन्धित व्यक्तिलाई झिकाई आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सम्बन्धित व्यक्तिले बालबालिकाको अधिकार उल्लङ्घन गरेको वा बालबालिकाप्रतिको दायित्व पूरा गरेको नदेखिएमा न्यायिक समितिमा निवेदन परेको तीस दिनभित्र बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गर्न स्थानीय तहका सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आदेश दिनेछ ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउने विषय आफ्नो अधिकार क्षेत्रभित्र पर्ने नदेखिएमा न्यायिक समितिले बाल अधिकारको प्रचलन वा बालबालिका प्रतिको दायित्व पूरा गराउनका लागि सम्बन्धित अन्य स्थानीय तहको न्यायिक समितिलाई लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित स्थानीय तहको न्यायिक समितिले पनि उपदफा (३) बमोजिम बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउँदा न्यायिक समितिले बालबालिका, संरक्षक वा परिवारका व्यक्तिलाई आवश्यक सुझाव दिन वा संरक्षक वा परिवारका व्यक्तिलाई सचेत गराउन सक्नेछ ।

४०. **बालवालिकाको अधिकार प्रचलन गराउनेः** (१) दफा ३९ मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले परिच्छेद-२ बमोजिमको बालबालिकाको अधिकार उल्लंघन गरेमा वा परिच्छेद-३ बमोजिमको बालबालिका प्रतिको दायित्व पुरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पुरा गराउनको लागि सम्बन्धित जिल्ला अदालतमा सोझै निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा जिल्ला अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी बालबालिकाको अधिकारको प्रचलन गराउन वा बालबालिका प्रतिको दायित्व पुरा गराउन सम्बन्धित व्यक्ति, संस्था वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा संरक्षक वा परिवारका कुनै सदस्यले बालबालिकाको अधिकारको उल्लंघन वा बालबालिका प्रतिको दायित्व पुरा गरेको नदेखिएमा जिल्ला अदालतले त्यस्तो संरक्षक वा परिवारका सदस्यलाई बालबालिकाको अधिकारको बिषयमा आवश्यक जानकारी गराई पुनः बालबालिकाको अधिकारको उल्लंघन नहुने वा निजप्रतिको दायित्व पुरा गर्ने प्रतिबद्धता प्रकट गर्न लगाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम आदेश जारी गर्दा बालबालिकाको अधिकार उल्लंघन गर्ने वा बालबालिका प्रतिको दायित्व पुरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई जिल्ला अदालतले सचेत गराउन वा यस ऐन बमोजिम सजाय गर्न र निजबाट क्षतिपूर्ति भराउने आदेश गर्न सक्नेछ ।

## परिच्छेद–७

## बालबालिका विरुद्धका हिंसा तथा बालयौन दुर्व्यवहार

४१. **बालबालिका विरुद्धको हिंसा** : कसैले बालबालिकालाई देहायको कुनै कार्य गरे गराएमा वा त्यस्तो कार्यमा प्रयोग गरेमा बालबालिका बिरुद्ध हिंसा गरेको मानिने छः-

(क) धुम्रपान, मद्यपान र जुवा तास खेल्ने खेलाउने जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरुका लागि खोलिएका डान्सबार, क्यासिनो जस्ता मनोरञ्जन स्थलमा प्रवेश वा प्रयोग गराउने वा बालिगहरुका लागि भनी तोकिएका चलचित्र, अन्य श्रब्यदृष्य सामग्री आदि देखाउने,

(ग) संरक्षण, शिक्षा वा अनुशासनका नाममा घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(घ) प्रत्यक्ष, विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

(ङ) राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हडताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(च) गैरकानूनी थुना, कैद, काराबास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने वा यातना दिने,

(छ) लागूऔषध, धूम्रपान, मद्यपान वा मनोद्दीपक (मनलाई उत्तेजित गर्ने नशालु पदार्थ) पदार्थको उत्पादन, बिक्री वितरण, भण्डारण, उपभोग वा ओसारपसार गर्ने वा गर्न लगाउने,

(ज) क्रुर अमानवीय व्यवहार गर्ने, यातना दिने,

(झ) भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने, जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रुपमा दर्ता गराउने,

(ञ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा धर्म, परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला, प्रलोभन वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,

(ट) जादु वा सर्कसमा लगाउने,

(ठ) कसूरजन्य कार्य गर्न तालीम दिने वा सिकाउने वा त्यस्तो कार्यमा लगाउने,

(ड) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,

(ढ) कुनै किसिमले सशस्त्र द्वन्दमा संलग्न गराउने,

(ण) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,

(त) औषधि वा अन्य कुनै परीक्षणको निमित्त बालबालिकालाई प्रयोग गर्ने,

(थ) कानून बमोजिम बाहेक बालगृहमा राख्ने ।

(द) शारीरिक चोटपटक वा असर पुर्याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने ।

४२. **बालयौन दुर्व्यवहार गरेको मानिने**ः (१) कसैले बालबालिका उपर देहायको कुनै कार्य गरेमा बालयौन दुर्व्यवहार गरेको मानिनेछः-

(क) अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा गराउने,

(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(घ) अश्लील कार्य तथा सामाग्री निर्माणमा प्रयोग गर्ने,

(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउने,

(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबलिकालाई प्रयोग गर्ने,

(छ) बालयौन शोषण गर्ने वा गराउने,

(ज) कसैलाई यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(झ) यौनदुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ञ) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने,

(ट) यौन सन्तुष्टि प्राप्त गर्न बालबलिकालाई प्रयोग गर्ने,

(ठ) खण्ड (क) देखी (ट) सम्मका कार्य गर्न उद्योग गर्ने ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि सूचना तथा शिक्षा प्रदान गर्ने उद्देश्यले अश्लीलता प्रकट नहुने गरी यौन सम्बन्धी विषयमा शब्द, चित्र, श्रव्य, दृश्य साधन तथा वस्तु वा सामग्रीका बारेमा लेखेर, बोलेर, इसारा वा प्रदर्शनको माध्यमबाट कुनै कुरा प्रकट गरेमा वा स्वास्थोपचार वा बालबालिकाको हितका लागि दुर्घटना वा जोखिमबाट बचाउ गर्ने क्रममा असल नियतले गरिएका कार्यलाई यौन दुर्व्यवहार गरेको मानिने छैन ।

४३. **<u>योग्य नमानिने:</u>** (१) सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्तिले बालबालिका विरुद्धको कसूर गरेको ठहरेमा निजलाई प्रचलित कानून बमोजिम बर्खास्त गरी कसूरको गाम्भीर्यता र प्रकृतिको आधारमा भविष्यमा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राखी गर्नुपर्ने कार्यका लागि वा त्यस्तो निजी संघ संस्थामा नियुक्त वा मनोनित वा निर्वाचित हुन दश बर्षसम्म योग्य मानिने छैन ।

(२) यस ऐन वा प्रचलित कानून बमोजिम बाल यौन दुर्व्यवहारमा कसूरदार ठहरिएको व्यक्तिलाई नैतिक पतन देखिने फौजदारी कसूर गरेको मानिनेछ ।

४४. **<u>सूचना दिनुपर्ने</u>**: (१) बाबु, आमा, संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिका उपर हिंसा वा बालयौन दुर्व्यवहार भएको वा भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरून्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना तत्काल सम्बन्धित प्रहरी कार्यालयले स्थानीय तह वा बालअधिकार निर्देशक वा बालकल्याण अधिकारीलाई दिई आवश्यक सहयोग लिन सक्नेछ ।

(३) बालबालिकाको संरक्षण गर्ने मनसायले सूचना दिँदा सूचना दिने व्यक्तिलाई सूचना दिएको आधारमा मात्र कुनै कानूनी कारबाही गरिने छैन ।

(४) उपदफा (१) बमोजिम सूचना दिने व्यक्तिको पहिचान निजले चाहेमा गोप्य राख्नुपर्ने छ ।

४५. **<u>अस्थायी संरक्षण सेवा</u>**ः (१) तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन प्रदेश सरकार र स्थानीय तहले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि प्रदेश सरकार र स्थानीय तहले अस्थायी संरक्षण सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न सक्नेछ र यस सम्बन्धमा त्यस्तो सेवा उपलब्ध गराउने अन्य संस्था वा निकायका बालगृहलाई समेत प्रयोग गर्न सक्नेछ ।

(३) अस्थायी संरक्षण सेवाको सञ्चालन कार्यविधि, सूचीकरण, गुणस्तर, अनुगमन लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाहरूको विशेष आवश्यकतालाई ध्यान दिनुका साथै निरन्तर शिक्षा र सुरक्षाको व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।

४६. **<u>उद्धार, संरक्षण र स्वास्थ्य परीक्षण गर्नुपर्ने</u>**ः (१) बालबालिका बिरुद्ध भएको हिंसा वा बालयौन दुर्व्यवहारको सूचना, उजूरी वा जानकारी प्राप्त भएमा प्रहरी कर्मचारीले आवश्यक विवरण लेखी लेखाई, दर्ता गरी, बालबालिकालाई उद्धार गर्नुपर्ने भए तुरुन्त उद्धार गरी पीडित बालबालिकालाई अस्थायी संरक्षण सेवामा पठाउनुपर्नेछ ।

(२) यस सम्बन्धी अन्य व्यवस्था संघीय कानून तथा प्रदेश कानून बमोजिम हुनेछ ।

४७. **<u>पुनर्स्थापना केन्द्र</u>**ः (१) बालबालिका बिरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार गराउन वा सामाजिक रुपमा पुनर्स्थापना गराउनको लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि कुनै संस्थाले प्रदेश सरकारबाट तोकिए बमोजिम स्वीकृती लिई पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ ।

(३) पुर्नस्थापना केन्द्रमा उपलब्ध गराउनुपर्ने सेवा सुविधा तथा त्यस्तो केन्द्रको व्यवस्थापन, सञ्चालन, अनुगमन लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–८
## <u>विविध</u>

४८. **<u>कसुर, सजाय, क्षतिपूर्ति, हदम्याद, क्षेत्राधिकार तथा मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था :</u>** (१) कसूर, सजाय, क्षतिपूर्ति, हदम्याद, क्षेत्राधिकार तथा मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था बाल अधिकार सम्बन्धी संघीय कानून तथा प्रचलित कानून बमोजिम हुनेछ ।

४९. **<u>बालबालिकाको कर्तव्य</u>**ः (१) बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ ।

५०. **<u>गोपनीयता कायम राख्नुपर्ने</u>**ः (१) कसैले पनि बाल अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा त्यस्तो मुद्दासँग सम्बन्धित बालबालिकाको परिचय खुल्ने कुनै पनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गर्न पाइने छैन ।

(२) कसैले पनि बालबालिका बिरुद्धका हिंसा वा बालयौन दुर्व्यवहार पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनै पनि सञ्चार माध्यममा सूचना वा समाचार सम्प्रेषण गर्न पाइने छैन ।

(३) प्रहरी, सरकारी वकिल वा बाल अदालतले बालबालिका बिरुद्धका हिंसा वा बाल यौन दुर्व्यवहारबाट पीडित बालबालिकाको वास्तविक नाम र पहिचान नखुल्ने गरी अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५१. **<u>कानून व्यवसायी नभएमा मुद्दाको कारबाही र किनारा नहुने</u>**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बालबालिकाको बिरुद्ध लगाइएको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएको र निज बालबालिका वा निजको संरक्षकले कानून व्यवसायी राख्न नसक्ने भई कानून व्यवसायी माग गरेमा प्रदेश सरकारले छुट्टै कानून व्यवसायीको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून व्यवसायी माग गर्ने व्यक्तिले स्थानीय तहबाट आर्थिक रुपमा विपन्नताको सिफारिस सहित मन्त्रालयमा निवेदन दिनुपर्नेछ र मन्त्रालयद्धारा निवेदन माथि आवश्यक छानविन गरी प्राप्त हुने सेवा सुविधा सम्बन्धित स्थानीय तह मार्फत उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कानून व्यवसायी उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५२. **<u>बालबालिकाको उमेर कायम गर्ने आधार</u>**ः बालबालिकाको उमेर कायम गर्दा देहायका कुरालाई आधार मानिनेछः-

(क) अस्पतालबाट जारी भएको बालकको जन्म प्रमाणपत्रमा उल्लेखित जन्म मिति,

(ख) खण्ड (क) बमोजिमको जन्म मिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लेखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति,

(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र वा जन्म मिति पनि नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लेखित मिति,

(ङ) खण्ड (घ) बमोजिमको प्रमाणपत्र पनि नभएमा जन्म कुण्डली, चिना, टिपोट, बालवालिकाको बाबु आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण ।

५३. **<u>यसै ऐन बमोजिम हुने:</u>** यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

५४. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

५५. **<u>मापदण्ड, निर्देशिका वा कार्यविधि बनाउने अधिकार</u> :** यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमको अधिनमा रही प्रदेश सरकारले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

प्रदेश सभाको सम्बत् २०७७ फाल्गुन १४ गते शुक्रबारका दिन बसेको सातौं अधिवेशनको ५औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

..........................

माननीय अर्जुन बहादुर थापा
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति :- २०७८/०१/०५

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

मिति :-......................... माननीय सर्मीला कुमारी पन्त
प्रदेश प्रमुख